नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# क्याफ्स कर्णाली परियोजना
## CAFS-Karnali Project

ADAPTATION FUND
WFP

मासिक बुलेटिन

बर्ष २, अंक ८, मंसिर, २०७७

## सिस्नो प्रशोधन तालिमपश्चात् लघुउद्यमको स्थापना

खाद्य सुरक्षाका लागि जलवायु परिवर्तन अनुकूलन (क्याफ्स–कर्णाली) परियोजना अर्न्तगत जुम्लाको हिमा गाउँपालिकामा यस आ. व. २०७७/७८ साल मंसिर महिनामा ७ दिने सिस्नो प्रशोधन सम्बन्धी तालिम सञ्चालन गरिएको थियो। उक्त तालिममा सो गाउँपालिकाका वडा नम्बर ६ र ७ बाट १५ जना महिलाहरु सहित १७ जना सहभागी रहेका थिए। उक्त तालिमको हौसला पश्चात सिर्जनशील महिला उद्यमी समुहमा आवद्ध महिलाहरुले जुम्लाको हिमा गाउँपालिकामा पहिलो पटक सिस्नो प्रशोधन उद्योग स्थापना गरेर आयआर्जनको क्रियाकलापमा सहभागी भएका छन्।

व्यवसायिक योजना बनाएर उद्योग स्थापनाका लागि दर्ता प्रक्रियामा सहजीकरण तथा शुरुवाती सहयोग परियोजनाको तर्फबाट गरिएको थियो भने केही रकम उद्यमीहरुले स्वःलगानी समेत गरेका थिए। उद्योगमा लेबलिङ, प्याकेजिङ गर्ने उपकरणदेखि प्रशोधन मेसिन समेत खरिद गरिएको छ। सिस्नो टिप्दा हातमा लगाउने पञ्जा र सिस्नोको कच्चा पदार्थ सुकाउनको लागि सोलार ड्रायर पनि उद्यमीहरुलाई उपलब्ध गराइएको छ। गाउँपालिकाभरीका सबै वडामा प्रशस्त रुपमा पाईने सिस्नोको खेति गर्नु नपर्ने, यो आफै उम्रने र जतातत‌ै खेर गइरहेको सिस्नो संकलन गरेर महिला उद्यमीहरुले आफ्नै उद्योगबाट प्रशोधन गर्न थालेका छन्।

> **“सिर्जनशील महिला उद्यमी समुहमा आवद्ध महिलाहरुले जुम्लाको हिमा गाउँपालिकामा पहिलो पटक सिस्नो प्रशोधन उद्योग स्थापना गरेर आयआर्जनको क्रियाकलापमा सहभागी भएका छन्।”**


हिमा गाउँपालिका ४ का वडाध्यक्ष मुनबहादुर बुढा र पेश नेपालका अध्यक्षले संयुक्तरुपमा सिस्नो प्रशोधन उद्योगको उद्घाटन गर्नुभएको थियो। वडाध्यक्ष बुढा भन्नुहुन्छ, ‘यहाँ सिस्नो जहाँतही भेटिन्छ, बर्षेनी खेर गइरहेको हुन्छ, सिस्नोको महत्वका बारेमा जानकारी नहुँदा सही प्रयोगमा आउन सकेको थिएन। अहिले उद्योग स्थापनाले खेर गएको सिस्नोबाट मनग्गे आम्दानी गर्न सक्ने वातावरण सिर्जना भएको छ, यो निकै राम्रो पक्ष हो।’ उहाँले सिस्नो प्रशोधन उद्योग सञ्चालन र बजारीकरणका लागि स्थानीय सरकारले साथ दिने बताउनुभयो। रारा जाने मुलबाटोमै सिस्नो उद्योग स्थापना भएकोले निकै महत्वका साथ हेरिएको छ। उद्योगले अपेक्षाकृत रुपमा सिस्नो प्रशोधन गर्न सकेको खण्डमा जुम्लाको एक ब्राण्डका रुपमा स्थापित हुन सक्ने उहाँ बताउनुहुन्छ। प्रत्येक गाउँबाट सिस्नो संकलन गरिने र सिस्नोको पाउडर सुर्खेत, नेपालगंज र स्थानीय बजारमा



जुम्ला जिल्लाको हिमा गाउँपालिकामा सिस्नो प्रशोधन लघुउद्यमका महिला उद्यमीहरु (बायाँ) तथा उत्पादित सिस्नोको धुलो (दायाँ)

## कालिकोटमा सिंचाई कुलो बन्दा स्थानीय हर्षित

कालिकोट जिल्लाको पचालझरना गाँउपालिका वडा नं. ४ मा गत आर्थिक बर्ष २०७६/७७ मा क्याप्स–कर्णाली परियोजना अन्तर्गत बनेको साल्ते मर्म सिंचाई कुलो निर्माण भई सञ्चालनमा आएपछि यहाँका स्थानीयले



कालिकोटको पचाँलझरनामा निर्माण गरिएको साल्टे मर्म सिंचाई कुलो

सिंचाई गर्न पाउने भएका हुन । १ हजार ९ सय मिटर टाढाबाट सिंचाई कुलो आउँदा स्थानीय कृषकमा खुसियाली छाएको छ । पानीको अभावले सिंचाई गर्न नपाएका पचालझरना गाउँपालिका वडा नं. ४ का १४१ घरधुरीले अब सिंचाई गर्न पाउने भएका छन् ।

पचालझरना गाउँपालिका ४ का एक स्थानीय कृषक परेक रोकाया पानीको अभावले आफ्नो बारीमा खेती गर्न छोडिसक्नु भएको थियो । बर्खामा आकाशे पानीको भरमा लगाएको खेती पनि हिउँदमा आफै सुकेर नष्ट हुन्थ्यो । राम्रोसँग खेती गर्न नपाएका पचालझरना गाउँपालिका ४ का १४१ घरधुरीले सोचे अनुसार खेती गर्न पाउने भएका छन् । परेक रोकाया भन्नुहुन्छ, 'अब गाउँमै सिंचाई कुलो आयो, हिउँद बर्खा नै पानी आउने भयो, अब तरकारी तथा फलफूल संगै गहुँ, धान, कोदो लगाएतका अन्य बाली लगाउन पाउने भएपछि खुसी छौं ।' आफूलाई जिन्दगीको पहिलो खुसी मिलेको उहाँले बताउनुभयो । परेक मात्र हैनन् अर्का स्थानीय अगुवा कृषक खड्क सेजुवाल पनि खुसी देखिनुहुन्थ्यो । खुसी व्यक्त गर्दै उहाँले भन्नुभयो 'अब फलफूल, तरकारी लगायत अन्य बालीहरु अरुको घरबाट किन्ने दिन गए, आफै बारीमा आधुनिक तरिकाबाट खेति गर्ने योजना बनाएको छु ।' पचालझरना गाउँपालिका ४ मा १२०० भन्दा बढि कृषक लाभान्वित हुने भएका छन् ।

पचालझरना गाउँपालिका ४ मा सञ्चालित साल्ते मर्म सिंचाई कुलो निर्माणको कार्य सम्पन्न भएपछि कालिकोटका नागरिक समाज, पत्रकार लगाएत सबैले अनुगमन गरेका छन् । अनुगमन पश्चात स्थानीय नागरिकसँग छलफल समेत गरिएको थियो सो अवसरमा स्थानीयले सहयोगी संस्थालाई धन्यवाद दिए । त्यसैगरि हुरेन्डेक नेपालका क्याप्स-कर्णाली परियोजना हेर्ने जिल्ला संयोजक नरेन्द्र बहादुर शाहीले यस परियोजनाले गरेको काम अत्यन्त राम्रो भएको बताउदैं कुलोमा काम गर्ने सम्पूर्ण कामदारको बिमा गरेको बताउनु भयो । शाहीका अनुसार, 'कामदारको पैसा बैंकिङ प्रणाली अनुसार स्वयं कामदारको खातामा जम्मा गर्ने गरेको र यस्ले गर्दा रकम अनियमितता नहुने उहाँले बताउनुभयो ।

## २०७७ कार्तिक महिनामा सम्पन्न मुख्य क्रियाकलापहरु

### मुगु

**१. सम्पन्न क्रियाकलापहरु :** लापा निमार्ण प्रकृया अन्तर्गत सोरु र खत्याडका २२ वटा वडामा वडास्तरीय परामर्श गोष्ठी/छलफल सम्पन्न, घरबारी बगैंचा (करेसाबारी) कार्यक्रम सम्पन्न (९३५ घरधुरी लाभान्वित), ६ वटा सा. ब. उ. स. को कार्ययोजना नवीकरणमा सहयोग

**२. निर्माणाधीन अवस्थामा रहेका आयोजनाहरु :** १० वटा सामुदायिक भौतिक पूर्वाधार सम्बन्धी क्रियाकलापहरु (५ वटा पानीको बहुउपयोगीतामा आधारित सिंचाई, १ वटा खमालेको भू-क्षय नियन्त्रण आयोजना, २ वटा रष्टिक स्टोर, १ वटा कृषि तथा गैर काष्ठ वन पैदावार भण्डारण केन्द्र, १ वटा सोलार सहितको सामुदायिक सेवा भवन)

### जुम्ला

**१. सम्पन्न क्रियाकलापहरु :** १ वटा मानेचौर रष्टिक स्टोर (८८४ घरधुरी लाभान्वित), १ वटा पानीको बहुउपयोगीतामा आधारित पानी सप्लाई योजना (२७८५ घरधुरी लाभान्वित), ३ वटा घरबारी बगैंचा (करेसाबारी) कार्यक्रम सम्पन्न (७३ घरधुरी लाभान्वित), व्यवसायिक तरकारी खेतीका लागी १० वटा प्लाष्टिक टनेल सहयोग, ४ पटक मौरी पालन तालिम सम्पन्न तथा सहयोग (१४ घरधुरी लाभान्वित)

**२. निर्माणाधीन अवस्थामा रहेका आयोजनाहरु :** १ वटा ताम्ती रष्टिक स्टोर, १ वटा कृषि तथा गैर काष्ठ वन पैदावार भण्डारण केन्द्र, २ वटा सोलार सहितको सामुदायिक सेवा भवन

### कालिकोट

**१. सम्पन्न क्रियाकलापहरु :** कृषि तथा वनमा आधारित लघु उद्यम प्रबर्द्धन कार्यक्रम सम्बन्धी बिभिन्न व्यावसायिक कृषि खेतीमा सहयोग (१६५ घरधुरी लाभान्वित), कुखुरा पालनमा सहयोग (९१ घरधुरी लाभान्वित), जैविक मल तयारी सम्बन्धी तालिम (१२२ घरधुरी लाभान्वित), ३ सा. ब. उ. स. मा बन डढेलो नियन्त्रण तथा आगलागी व्यवस्थापन सम्बन्धी तालिम (१६० जना लाभान्वित)

**२. निर्माणाधीन अवस्थामा रहेका आयोजनाहरु :** १० वटा सामुदायिक भौतिक पूर्वाधार सम्बन्धी क्रियाकलापहरु (२ वटा पानीको बहुउपयोगीतामा आधारित सिँचाई, ३ सिँचाई कुलो, २ वटा सोलार सहितको सामुदायिक सेवा भवन, २ वटा रष्टिक स्टोर र १ वटा नर्सरी)

**थप जानकारी तथा सम्पर्कका लागि :**

**क्याप्स-कर्णाली परियोजना समन्वय इकाई**
वन तथा वातावरण मन्त्रालय
जलवायु परिवर्तन ब्यबस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
टेलिफोन नम्बरः ०१ ४२२१४३५, ४२११९९६, ४२११९९७
वेवः www.mofe.gov.np

**संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम**
नेपाल केन्द्रिय कार्यालय
चाकुपाट, पाटनढोका सडक, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१ ५२६०६०७